महाबु गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
गैडाबाज, दैलेख
कर्णाली प्रदेश, नेपाल

पत्र संख्या :- ०८१/०८२ (रोजगार शाखा )
सुचना नं. :-

मिति २०८१/११/०५

**विषयः- न्यूनतम रोजगारीमा संलग्न हुनका लागि निवेदन दिने सम्बन्धमा।**

रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा ११, रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को नियम ७ को उपनियम १ र प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा १८ बमोजिम आ.ब.२०८२/८३ मा रोजगार सेवा केन्द्रबाट आर्थिक तथा सामाजिक अवसरबाट बन्चित बेरोजगार व्यक्तिहरुलाई प्रदान गरिने १०० (एक सय) दिन बराबरको न्यूनतम् रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माण तथा पूर्वाधार मर्मत सम्भारका काममा योगदान गर्न १८ बर्ष पुरा भई ५९ बर्ष ननाघेका ईच्छुक बेरोजगार व्यक्तिहरुले बेरोजगार व्यक्तिको सूचिमा सूचिकृत हुन आफु स्थाई वसोवास रहेको सम्बन्धित वडा कार्यालयमा आवश्यक कागजातहरु सहित मिति २०८१ फागुन २९ गते भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका,२०७५ को अनुसूची १ बमोजिको ढाँचामा निवेदन दिन हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**आवश्यक कागजातहरुः**

१. निवेदकको नेपाली नागरिताको प्रमाणपत्रको प्रतिलिपी एक प्रति ।
२.पासपोर्ट साईजको फोटो एक प्रति ।
३.परिवारका सबै सदस्यहरुको नागरिकता वा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपी एक/एक प्रति।
४.निवेदकले कुनै सिपमूलक तालिम लिएको भए सो को प्रतिलिपी एक प्रति।
५.बसाईसराई भएको भए सो को प्रमाणपत्रको प्रतिलिपी एक प्रति ।

आवेदन फारम वडा कार्यालयबाट निःशुल्क प्राप्त गर्न सकिने छ, साथै प्रधामन्त्री रोजगार कार्यक्रमको वेबसाईट www.pmep.gov.np बाट प्राप्त गर्न सकिने छ।

रबिन्द्र बहादुर शाही
रोजगार संयोजक

उदयराज उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

उदयराज उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

वोधार्थः
श्री वडा कार्यालय सबैः सूचना टास गरी सो को जानकारी पठाउनु हुन।
श्री सूचना प्रबिधि इकाई : कार्यालयको फेसबुक पेज र वेबसाईटमा अपलोड गर्नु हुन।